# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

मिति: २०७७/०५/१८

## *प्रेस विज्ञप्ती ।*

१. मिति २०७७ भदौ १५ गते कन्ट्याक्ट ट्रेसिङ मार्फत प्राप्त भएका जम्मा ६६ जनाको पिसिआर परीक्षण (स्वाव संकलन) गरिएकाहरु मध्ये ५६ जनाको रिपोर्ट भदौ १७ गते र १० जनाको रिपोर्ट आज भदौ १८ गते प्राप्त भएको छ । ५६ जना मध्ये ३ जना पुरुष र ३ जना महिला गरि ६ जनाको रिपोर्ट पोजेटिभ र ५० जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १० जना मध्ये ४ जना महिला र २ जना पुरुष गरी जम्मा ६ जना नयाँ थप पोजेटिभ तथा ४ जनाको नेगेटिभ नतिजा प्राप्त भएको छ । उक्त अनुसार ६६ जना मध्ये ५४ जना नेगेटिभ र १२ जना पोजिटिभ देखिएका छन । उक्त पोजिटिभ देखिएका सबै व्यक्तिहरु वडा नं. ३ स्थित केर्खा बजार निवासि हुन् । हाल सम्म पोजिटिभ देखिएका सबै व्यक्तिहरुको स्वास्थ्य अवस्था सामान्य रहेको छ । कन्टयाक्ट ट्रेसिङ्गबाट प्राप्त रिपोर्ट अनुसार यस गाउँपालिकाको केरखा बजारमा हाल Covid-19 स्थानीय संक्रमणको रुपमा फैलिसकेको हुँदा वडावासी लगायत सबैले स्वास्थ्य नियमको पूर्ण पालना गरी सुरक्षित रहन हुन अनुरोध गरिन्छ । आज पुन: २१ जना महिला र ३६ जना पुरुषहरु गरी जम्मा ५७ जनाको स्वाव परीक्षणका लागि BPKIHS धरान पठाइएको छ । जस मध्ये क्वारेन्टाइनमा रहेका १ महिला र २ पुरुष गरी ३ जनाको समेत स्वाव परिक्षणका लागि संलग्न गरिएको छ ।

❖ **हालसम्म कोभिड १९ को अवस्था यस प्रकार रहेको छ :-**

| क.स. | विवरण | महिला | पुरुष | जम्मा | हालसम्म पोजेटिभ संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | **RDT** (आर.डि.टि.) | १३ | ८० | ९३ | शुन्य | |
| २ | **PCR Test** (पिसिआर) | २१७ | ६६५ | ८८२ | ३३ जना | कमलबाट मात्र पिसिआर भएको |
| ३ | **PCR Test** (पिसिआर) | १ | ३ | ४ | ४ जना | अन्य पालिकाबाट पिसिआर भएको |

**नोट : जम्मा पोजेटिभ संख्या ३७ मध्ये (कमलबाट ३३, दमक न.पा.बाट ३ जना, र बि.एन.सि. अस्पतालबाट १ जना)**

- विदेशबाट आएका जम्मा ३ जना (क्वारेन्टीन मार्फत) जुन निको भै घर फर्किसकेका छन ।
- स्थानीय स्तरमा संक्रमित (पोजेटिभ) - ३४ जना । जसको विवरण तल दिइएको छ ।
- दमक नगरपालिका मार्फत कन्ट्याक्ट ट्रेसिङ मार्फत पोजेटिभ देखिएका - ३ जना (जस मध्ये १ जना दमक न.पा. आफ्नै घरमा, १ जना विराटनगरमा, र १ जना सानो केर्खामा होम आइसोलेसनमा छन ।
- वि.एन. सि. अस्पताल विर्तामोडवाट पिसिआर परीक्षण भै पोजेटिभ देखिएका व्यक्ति संख्या - १ । जसको मृत्यु भै सकेको छ ।

❖ आज भदौ १८ गते सम्म पोजेटिभ भै आइसोलेसनमा रहेकाहरुको विवरण :

| सि.नं. | विवरण | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| ३ | शहिद धर्मभक्त मा.वि.केर्खा | ५ | ६ | ११ | |
| ४. | मेची अस्पताल भद्रपुरको आइसोलेशनमा रहेका संख्या | २ | ३ | ५ | ४ जना निको भएर घर फर्किएका |
| ५. | वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान | १ | १ | २ | |
| ६. | होम आइसोलेसन | ६ | ९ | १५ | |
| | जम्मा | १४ | १९ | ३३ | |

❖ **आज भाद्र १८ गते क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको विवरण**

| क.सं. | विवरण | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | शहिद धर्मभक्त मा. वि. केर्खा | १ | १० | ११ | |